# राप्ती गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : अङ्क : प्रकाशन मितिः २०७९/०४/१९

**भाग १**

## राप्ती गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राप्ती गाउँपालिका, दाङको गाउँ कार्यपालिकाले बनाएको तपसिलमा लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# सामुदायिक विद्यालयमा बाल शिक्षादेखि १० कक्षासम्म नि:शुल्क शिक्षा कार्यान्वयन सम्बन्धी कार्यविधि- २०७९

स्वीकृत मिति : २०७९/०४/१८

**प्रस्तावना**

राप्ती गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा बालशिक्षादेखि १० कक्षासम्म नि:शुल्क शिक्षा कार्यान्वयन गर्ने कार्यका लागि विद्यालयमा अपुग हुने शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्न, विद्यालय सञ्चालन र व्यवस्थापन अनुदान प्रदान गर्न, गराउन तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले गाउँपालिकाबाट सामुदायिक विद्यालयमा बालशिक्षादेखि १० कक्षासम्म नि:शुल्क शिक्षा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७९ राप्ती गाउँपालिकाको शिक्षा ऐन २०७६ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

यस कार्यविधिको नाम सामुदायिक विद्यालयमा बाल शिक्षादेखि १० कक्षासम्म निःशुल्क शिक्षा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७९" रहने छ। यो कार्यविधि राप्ती गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागु हुने छ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "ऐन" भन्नाले राप्ती गाउँपालिकाको शिक्षा ऐन २०७६ सम्झनु पर्दछ।

२. "कार्यविधि" भन्नाले सामुदायिक विद्यालयमा बाल शिक्षादेखि १० कक्षासम्म निःशुल्क शिक्षा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७९, लाई सम्झनुपर्दछ।

३. निःशुल्क शिक्षा भन्नाले गाउँपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयका बाल शिक्षादेखि कक्षा १० सम्म विद्यार्थी तथा अभिभावकबाट पाठ्यपुस्तक, मासिक शुल्क तथा भर्ना शुल्क शीर्षकमा रकम नलिने गरी प्रदान गरिनेछ शिक्षालाई बुझाउनेछ।

३. "कार्यपालिका" कार्यपालिका भन्नाले राप्ती गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

४. "गाउँ शिक्षा समिति" भन्नाले आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन कार्यविधि २०७४ (संशोधनसहित) गठित गाउँ शिक्षा समितिलाई सम्झनुपर्दछ।

५. "शाखा" भन्नाले राप्ती गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

६. "विद्यालय व्यवस्थापन समिति" भन्नाले सामुदायिक विद्यालयमा गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

७. "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार तथा गाउँपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालयलाई सम्झनुपर्दछ।

८. "स्थानीय तह" भन्नाले राप्ती गाउँपालिका सम्झनुपर्दछ।

९. "अनुदान" भन्नाले सामुदायिक विद्यालयमा बाल शिक्षादेखि १० कक्षासम्म निःशुल्क शिक्षा कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७९ लाई बुझ्नुपर्दछ।

१०. "शिक्षक" भन्नाले निःशुल्क शिक्षा कार्यान्वयनका लागि विद्यालयमा पालिकाबाट उपलब्ध भएको अनुदानबाट तलब लगायतका सुविधा लिने गरी नियुक्त शिक्षकलाई सम्झनु पर्दछ।

११. "कर्मचारी" भन्नाले भन्नाले निःशुल्क शिक्षा कार्यान्वयनका लागि विद्यालयमा पालिकाबाट उपलब्ध भएको अनुदानबाट तलब लगायतका सुविधा लिने गरी नियुक्त कर्मचारी वा विद्यालय सहयोगी लाई सम्झनुपर्दछ

## परिच्छेद–२
## उद्देश्य, अपेक्षा तथा बजेट सीमा

१ **उद्देश्य**

यो कार्यविधि जारी गर्नुको उद्देश्य देहाय अनुसार रहेको छः

क) निःशुल्क शिक्षा कार्यान्वयनका लागि विद्यालयमा शिक्षक तथा कर्मचारी व्यवस्थापन सम्बन्धी अनुदान उपलब्ध गराउनु र विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान वितरणको लागि मार्गदर्शन गर्नु,

ख) निःशुल्क शिक्षाको माध्ययमबाट विद्यालय शिक्षामा बालबालिकाहरुको पहुँच अभिवृद्धि

गर्नु तथा गुणस्तरीय शिक्षाको आधार तयार गर्नु ।

ग) समता, समावेशी शिक्षाको माध्यमबाट शिक्षाको अवसर प्रदान गर्नु ।

२. **अपेक्षा**

राप्ती गाउँपालिकाभित्र सञ्चालित बालशिक्षादेखि कक्षा १० सम्म सामुदायिक विद्यालयहरुमा निःशुल्क तथा गुणस्तरिय शिक्षा सुनिश्चितता हुनेछ । विद्यालयमा शिक्षक विद्यार्थी अनुपातका आधारमा प्रचलित शिक्षा ऐन तथा नियमावली अनुसार विद्यालयमा शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्नु र सामुदायिक विद्यालयहरु सञ्चालनको लागि अनुदान उपलब्ध भएको हुनेछ ।

३. **बजेट र सीमा**

राप्ती गाउँपालिकाको गाउँसभाबाट निःशुल्क शिक्षा कार्यान्वयनका लागि स्वीकृत भएको सिमा नै बजेट सीमा हुनेछ । सरकारी तथा गैरसरकारी संघसंस्थाबाट प्राप्त हुने बजेट, योजना तथा जनशक्तिलाई गाउँपालिकासँग सम्झौता गरी यसको स्रोतको रुपमा अबलम्बन गरिनेछ ।

## परिच्छेद–३

## निःशुल्क शिक्षा कार्यान्वयन निर्देशक समिति

१. गाउँपालिका तहमा निःशुल्क शिक्षाको प्रभावकारी रुपमा कार्यान्वयन तथा व्यवस्थापनका लागि निम्नानुसारको निर्देशक समिति रहनेछ ।

२. उपनियम (१) बमोजिमको समिति देहाय बमोजिम गठन हुनेछ :

- क) अध्यक्ष गाउँपालिका–संयोजक
- ख) उपाध्यक्ष, गाउँपालिका–सदस्य
- ग) प्रमुख प्रशासकीय अधिकृत–सदस्य
- घ) सामाजिक विकास समितिका संयोजक–सदस्य
- घ) अध्यक्षबाट मनोनित कार्यपालिकाका सदस्यमध्येबाट कम्तिमा १ जना महिला, दलित अल्प सङ्ख्यकसहित ४ जना–सदस्य
- ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख–सदस्य सचिव

३. समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ ।

४. समितिको बैठक अध्यक्षले तोकेको मिति,समय र स्थानमा हुनेछ ।

५. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- क. निःशुल्क शिक्षा कार्यान्वयनका लागि योजना तथा कार्यक्रम स्वीकृत गर्ने,
- ख. निःशुल्क शिक्षा कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार, विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासँग समन्वय र सहजीकरण गर्ने,
- ग. निःशुल्क शिक्षा कार्यान्वयनसँग सम्वधीत कार्यहरुको नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रदान सम्बन्धी कार्यहरु गर्ने,
- घ. आवश्यकता अनुसार यस कार्यविधिको संशोधन गर्ने,
- ङ. निःशुल्क शिक्षा कार्यान्वयनका लागि आवश्यक पर्ने नीतिगत निर्णयहरु गर्ने ।

## परिच्छेद-४
## अनुदान वितरणका आधारहरु

१. अनुदान वितरणको आधारहरु : शिक्षण सहयोग अनुदान तपसिल अनुसारको आधारमा रहेर वितरण गरीनेछ ।

क) विद्यालयको विद्यार्थी सङख्या,

ख) विद्यालयको मौजुदा दरबन्दी सङख्या,

ग) विद्यालयमा थप गर्नुपर्ने आवश्यक शिक्षक तथा कर्मचारी सम्बन्धी विवरण

घ) विद्यालयको निजी स्रोतमा कार्यरत शिक्षक सङ्ख्या,

ङ) संघीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट स्वीकृत भएको अनुदान

च) गत आ.व २०७८र०७९ मा विद्यालयले यस शिर्षकबाट प्राप्त गरेको अनुदान,

छ) नि:शुल्क शिक्षा कार्यान्वयनका लागि विनियोजन भएको अनुदान

ज) गाउँ शिक्षा कोषमा प्राप्त भएको अन्य रकम

२. शिक्षा युवा तथा खेलकुद शाखाबाट विद्यालयमा उपलब्ध हुने अनुदानको लागि विवरण तयार गरी गाउँ शिक्षा समितिमा पेश गर्ने र गाउँ शिक्षा समितिबाट कार्यपालिकामा निर्णयका लागि सिफारिस गर्ने,कार्यपालिकाबाट निर्णय हुने विषय भए कार्यपालिकाबाट निर्णय हुने तथा कार्यपालिकाबाट निर्णय हुन नसक्ने विषयको हकमा गाउँसभाबाट निर्णय गरी कार्यान्वयन गरिनेछ ।

## परिच्छेद-५
## कार्यक्रम कार्यान्वयन प्रक्रिया

१. सामुदायिक विद्यालयमा बाल विकास कक्षादेखि कक्षा १० सम्म नि:शुल्क शिक्षा कार्यान्वयन गर्दा शिक्षक तथा कर्मचारीको व्यवस्थापनका लागि निम्नानुसार गर्नेः

क) विद्यालय अनुसार तहगत तथा विषयगत रुपमा शिक्षक तथा कर्मचारीको सङ्ख्या निर्धारण शिक्षा,युवा तथा खेलकुद शाखाबाट गर्ने,

ख) विद्यालयको लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारीको सङ्ख्या एकिन पश्चात पालिकाबाट पहिलो पटकलाई पदपूर्ति प्रक्रिया अगाडि बढाउने र त्यसपछि रिक्त हुने पदमा विद्यालयबाट पदपूर्तिका लागि विज्ञापन तथा सूचना प्रकाशन गर्ने,

ग) शिक्षक तथा कर्मचारी पदपूर्ति गर्दा शिक्षक सेवा आयोगको शिक्षक पदपूर्ति सम्बन्धी पाठ्यक्रमलाई आधार मानि परीक्षा सञ्चालन गर्ने र नतिजा प्रकाशन गर्ने ।

घ) नतिजा प्रकाशन पश्चात शिक्षक सिफारिस गर्दा योग्यताक्रमको आधारमा विद्यालय तोकी पदस्थापन गरी कार्य सम्पादन करार समेत गरिनेछ ।

ङ) यस कार्यविधि बमोजिम नियुक्ती भएका शिक्षक तथा कर्मचारीहरुलाई संघीय सरकार, प्रदेश सरकारबाट दरबन्दी प्राप्त भई आएमा स्वत यस्तो शिक्षक पद खारेज गरिनेछ वा अनुदान रकम घटाइनेछ । संघीय तथा प्रदेश सरकारबाट अनुदान रकम प्राप्त भएमा यस कार्यविधि बमोजिम नियुक्ति पाएका शिक्षकलाई प्राथमिकतामा राख्न पहल गरिनेछ ।

च) यस कार्यविधि बमोजिम नियुक्ति पाएका शिक्षकहरुको वार्षिक रुपमा कार्य सम्पादन मूल्याङ्कन फाराम भरी मूल्याङ्कन गरिनेछ । मूल्याङ्कन गर्दा कार्यसम्पादन सन्तोषजन

नदेखिएमा शिक्षक वा कर्मचारी पदबाट हटाई पदपूर्ति गरिनेछ ।

२. शिक्षकहरुको तलब भत्ता तथा अन्य सुविधाको निर्धारण कार्यपालिकाबाट हुनेछ ।

**३. शिक्षक हुन चाहिने योग्यता**

क. नेपाली नागरिक,

ख. अठार वर्ष पूरा भई चालीस वर्ष उमेर पूरा नभएको तथा विद्यालयहरुमा निजी स्रोतमा कार्यरत शिक्षकको हकमा पहिलो पटकलाई उमेर हद नलाग्ने,

ग. गाउँपालिका अनुदानबाट तलब सुविधा लिने गरी नियुक्ति पाएको शिक्षकहरुको हकमा उमेर नलाग्ने

घ. मगज नबिग्रेको

ङ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

च. भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त नगरिएको,

छ. प्राथमिक तहको हकमा १२ कक्षा उत्तीर्ण वा सो सरहको तालिम पूरा गरी स्थायी अध्यापन अनुमति प्राप्त गरेका, आधारभूत तहको हकमा सम्बन्धित विषयमा कक्षा १२ उत्तीर्ण वा सो सरहको तालिम प्राप्त गरी स्थायी अध्यापन अनुमति प्राप्त गरेको तथा माध्यमिक तहको हकमा सम्बन्धित विषयमा स्नातक तह उर्त्तीण वा सो सरहको तालिम पूरा गरी स्थायी अध्यापन अनुमति प्राप्त भएको तथा सो तहमा स्नाकोत्तर तह उत्तीर्णलाई शैक्षिक योग्यता वापत अङ्क दिँदा थप २ अङ्क प्रदान गर्न सकिने तर विज्ञान तथा कम्प्युटर विषयको हकमा सम्बन्धित तह उर्त्तीण गरी स्थायी अध्यापन अनुमति प्राप्त नभएकोलाई समेत समावेश गरिनेछ ।

४. यस कार्यविधि बमोजिमका कर्मचारी हुन चाहिने योग्यता

क. नेपाली नागरिक,

ख. अठार वर्ष पूरा भई चालीस वर्ष उमेर पूरा नभएको तथा विद्यालयहरुमा निजी स्रोतमा कार्यरत विद्यालय सहयोगीको हकमा पहिलो पटकलाई उमेर हद नलाग्ने,

ग. मगज नबिग्रेको

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

ङ. भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त नगरिएको,

च. विद्यालय सहायोगी हुन कम्तिमा आधारभूत तह उत्तीर्ण परीक्षा उत्तीर्ण भएको हुनेछ ।

५. शिक्षकको पदपूर्तिको क्रममा गाउँपालिकाभित्रका विद्यालयमा कार्यरत विद्यालयको आन्तरिक स्रोतबाट तलब सुविधा लिने गरी नियुक्ति पाएका शिक्षकलाई सम्बन्धित तहको पदपूर्ति परीक्षामा सहभागी हुँदा अन्तरवार्ताको क्रममा अनुभव वापत प्रत्येक वर्ष १ अङ्कको दरले बढीमा दश अंक, शैक्षिक योग्यता वापतको अंक प्रदान गर्दा न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणीमा पास भएको भए ३ अंक, द्वितीय श्रेणीमा उर्त्तीण भएको भए २ अङ्क र न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो योग्यता हासिल गरेको हकमा बढीमा प्रथम श्रेणीमा उर्त्तीण भए २ अंक र द्वितीय श्रेणीमा उत्तीर्ण भएको भए १ अङ्क प्रदान गरिनेछ भने यसका अतिरिक्त २५ अंकको अन्तरवार्ता र समितिले आवश्यक महसुस गरेमा कक्षा अवलोकन २५ अंकको गर्न सकिनेछ ।

६. विद्यालय सहयोगीको काम,कर्तव्य र अधिकार विद्यालयले तोके बमोजिम हुनेछ ।

७. विद्यालयमा उपलब्ध गराइने विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान

   क. माध्यमिक तह कक्षा ९–१२ सञ्चालन भएका विद्यालयलाई प्रत्येक वर्ष वार्षिक एकमुष्ट रकम रु.२५००००।- उपलब्ध गराउने,

   ख. आधारभूत तह कक्षा १–८ सम्म सञ्चालन भएका विद्यालयलाई प्रत्येक वर्ष वार्षिक एकमुष्ट रकम रु.१५००००।– उपलब्ध गराउने,

   ग. प्राथमिक तह कक्षा १-५ सम्म सञ्चालन भएका विद्यालयलाई प्रत्येक वर्ष वार्षिक एकमुष्ट रकम रु. ६५०००।– उपलब्ध गराउने,

   घ. विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानको खर्च प्रत्येक वर्ष विद्यालयमा पानी, बिजुली, सञ्चार महसुलका अतिरिक्त अन्य विविध शीर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णय गरी खर्च गर्न सक्नेछ ।

८. विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान थपघट गर्ने सन्दर्भमा कार्यपालिकाबाट निर्णय हुनेछ ।

## परिच्छेद-६
## कार्यक्रम कार्यान्वयनमा विभिन्न निकायको भूमिका

**क. संघीय सरकार**

१. निःशुल्क शिक्षा कार्यान्वयनका लागि स्रोत साधन व्यवस्थापन तथा कानूनहरुको तर्जुमा गर्ने,

२. शिक्षक दरबन्दी, शिक्षक अनुदान उपलब्ध गराउने,

३. निःशुल्क शिक्षा कार्यान्वयनका लागि आवश्यक नीतिगत निर्णय गर्ने ।

४. विद्यालयहरुको पूर्वाधार विकासमा सहयोग गर्ने ।

**ख. प्रदेश सरकार**

१. निःशुल्क शिक्षा कार्यान्वयनका लागि स्रोत साधन व्यवस्थापन तथा कानूनहरुको तर्जुमा गर्ने,

२. शिक्षक दरबन्दी, शिक्षक अनुदान उपलब्ध गराउने,

३. विद्यालयहरुको पूर्वाधार विकासमा सहयोग गर्ने,

४. प्रदेश स्तरबाट स्रोत साधन र बजेट परिचालन गर्दा पालिकाको प्राथमिकतामा सहकार्य गर्ने ।

**ग. स्थानीय तह**

१. निःशुल्क शिक्षा कार्यान्वयनका लागि बजेटको व्यवस्थापन गर्नु,

२. निःशुल्क शिक्षा कार्यान्वयनका लागि विद्यालयगत विवरण तयार गर्नु,

३. तोकिएको आधारमा शिक्षक कर्मचारी तथा विद्यालय सञ्चालन अनुदान पाउने विद्यालयहरुको सूची प्रकाशन गर्नु,

४. छनौट भएका विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरुको काम कार्वाहिको बारेमा समय–समयमा अनुगमन गर्नु,

५. विद्यालयको पठनपाठन सुधारका लागि कार्ययोजना तयार गरी कार्य सञ्चालन गर्नु,

६. शिक्षक बैंक स्थापना गर्ने, विद्यालयमा रिक्त रहेका यस कार्यविधि बमोजिमका शिक्षकहरुको पदपूर्ति शिक्षक बैंक मार्फत गरिनेछ ।

७. विद्यालयमा कार्यरत रहेका महिला शिक्षकहरु सुत्केरी भई विदा बसेको अवस्थामा

विदाको अवधीभरका लागि शिक्षक बैंक मार्फत वा वैकल्पिक शिक्षकको व्यवस्थापन गर्ने र त्यस्ता शिक्षकको सो अवधीको सुविधा कार्यरत शिक्षकले पाउने तलब सुविधाको २५ प्रतिशत रकम पालिकाबाट थप उपलब्ध गराउने

८. आवश्यकता अनुसार अन्य कार्यहरु सञ्चालन गर्ने ।

**घ. विद्यालयहरुको भूमिका**

१. निःशुल्क शिक्षा कार्यान्वयनका लागि शिक्षक छनोट समितिबाट सिफारिस भएका शिक्षकहरुको नियुक्ति गर्ने,
२. निःशुल्क शिक्षा कार्यान्वयनका लागि विद्यालयले प्रचलित कानून बमोजिम शिक्षक नियुक्ति भएका शिक्षकहरुको करार सम्झौता गर्ने,
३. शिक्षक आचारसंहिता आवश्यक पर्ने भए सोको तयारी गरी विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई कार्यान्वयन गर्ने,
४. करार सम्झौतामा उल्लेख भए अनुसारको सुविधाहरु उपलब्ध गराउने,
५. यस कार्यविधि अनुसार कुनै एक पक्षले कारार सम्झौता भंग गरेमा वा अन्य कुनै कारणले शिक्षण सेवा उपलब्ध नभएमा बाँकी अवधीको लागि प्रचलित कानून बमोजिम शिक्षक व्यवस्था गर्ने,
६. स्थानीय तहले दिएको निर्देशानुसार काम गर्ने ।

## परिच्छेद–७

## बाधा अड्चन फुकाउ तथा खारेजी र बचाउ

१. निःशुल्क शिक्षा कार्यान्वयन सम्बन्धी कुनै बाधा अड्चन फुकाउ गर्नुपरेमा कार्यपालिका मार्फत गरिनेछ ।
२. खारेजी र बचाउ : यस कार्यविधि जारी हुनुपूर्व (आ.व. २०७८/०७९ सम्म गाउँपालिकाबाट आधारभूत तह सम्म निःशुल्क शिक्षा कार्यान्वयनका लागि गाउँपालिका अनुदान शिक्षक तथा कर्मचारीको नियुक्ति) भएको कार्य र खर्च निकाशा समबन्धि व्यवस्था यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले:
जिवराज पौडेल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १
## गाउँपालिकामा हाल कायम रहेका शिक्षक दरबन्दी

| क्र.स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | स्वीकृत दरबन्दी, राहत शिक्षक तथा प्राविधिक धार प्रशिक्षक | | | | | शिक्षण सिकाइ अनुदान | | गाउँपालिका अनुदान | | शिक्षक संख्या प्रविधिक धार बाहेक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक तह कक्षा ११-१२ | कृषि प्राविधिक धार जम्मा | आधारभूत तह | माध्यमिक तह | प्राथमिक तह | आधारभूत तह | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | जम्मा कक्षा १-१२ साधारणधार तर्फ |
| 1 | श्री आदर्श माध्यमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं २ बराखुट्टी | १-१२ | 10 | 6 | 5 | 4 | 0 | 0 | 0 | 1 | 0 | 11 | 6 | 5 | 4 | 26 |
| 2 | श्री माध्यमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ४ मौरीघाट | १-१२ | 10 | 5 | 5 | 2 | 0 | 0 | 0 | 0 | 1 | 10 | 6 | 5 | 2 | 23 |
| 3 | श्री सर्वोदय माध्यमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ५ सिसहनिया | १-१२ | 8 | 5 | 6 | 3 | 8 | 0 | 0 | 0 | 0 | 8 | 5 | 6 | 3 | 22 |
| 4 | श्री शंकर माध्यमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ८ पिपरी | १-१२ | 9 | 1 | 0 | | 0 | 0 | 2 | 0 | 3 | 9 | 4 | 2 | 0 | 15 |
| 5 | श्री ज्ञानोदय माध्यमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ६ पत्थरगढवा | १-१० | 8 | 0 | 0 | | 0 | 0 | 2 | 2 | 4 | 10 | 4 | 2 | 0 | 16 |
| 6 | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं १ भालुवाङ | १-१२ | 5 | 2 | 0 | | 0 | 0 | 2 | 1 | 3 | 6 | 5 | 2 | 0 | 13 |
| 7 | श्री नवप्रतिभा आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं १ पाखापानी | १-८ | 5 | 1 | 0 | | 0 | 1 | 0 | 1 | 2 | 6 | 4 | 0 | 0 | 10 |
| 8 | श्री जनज्योति आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं ४ नयाँगाउँ | १-८ | 5 | 0 | 0 | | 0 | 0 | 0 | 0 | 4 | 5 | 4 | 0 | 0 | 9 |
| 9 | श्री वि पी आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं ३ बसन्तापुर | १-८ | 4 | 0 | 0 | | 0 | 0 | 0 | 0 | 5 | 4 | 5 | 0 | 0 | 9 |
| 10 | श्री सरस्वति आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं ७ छोटकी सि | १-८ | 3 | 0 | 0 | | 0 | 1 | 0 | 2 | 3 | 5 | 4 | 0 | 0 | 9 |
| 11 | श्री राप्ती गंगा प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं १ चैते | १-५ | 4 | 0 | 0 | | 0 | 0 | 0 | 0 | 0 | 4 | 0 | 0 | 0 | 4 |

| क्र. स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | स्वीकृत दरबन्दी, राहत शिक्षक तथा प्राविधिक धार प्रशिक्षक | | | | | शिक्षण सिकाइ अनुदान | | गाउँपालिका अनुदान | | शिक्षक संख्या प्राविधिक धार बाहेक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक तह कक्षा ११-१२ | कृषि प्राविधिक धार जम्मा | आधारभूत तह | माध्यमिक तह | प्राथमिक तह | आधारभूत तह | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | जम्मा कक्षा १-१२ साधारणधार तर्फ |
| 12 | श्री बालकल्याण आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं ५ पहडवा | १-८ | 3 | 0 | 0 | | 0 | 1 | 0 | 1 | 3 | 4 | 4 | 0 | 0 | 8 |
| 13 | श्री दुर्गाभवानी आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं ३ मसुरिया | १-८ | 3 | 0 | 0 | | 0 | 0 | 0 | 1 | 3 | 4 | 3 | 0 | 0 | 7 |
| 14 | श्री नवज्योती आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं ३ सिरीचौर | १-८ | 3 | 0 | 0 | | 0 | 1 | 0 | 1 | 3 | 4 | 4 | 0 | 0 | 8 |
| 15 | श्री देवी प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ९ मसेरिडाँडा | १-५ | 3 | 0 | 0 | | 0 | 0 | 0 | 1 | 0 | 4 | 0 | 0 | 0 | 4 |
| 16 | श्री प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ५ थकरीकोट | १-५ | 3 | 0 | 0 | | 0 | 0 | 0 | 0 | 0 | 3 | 0 | 0 | 0 | 3 |
| 17 | श्री रात्री प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ४ मौरीघाट | १-५ | 3 | 0 | 0 | | 0 | 0 | 0 | 0 | 0 | 3 | 0 | 0 | 0 | 3 |
| 18 | श्री हंशेश्वर प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ६ भगवानपुर | १-५ | 3 | 0 | 0 | | 0 | 0 | 0 | 0 | 0 | 3 | 0 | 0 | 0 | 3 |
| 19 | श्री जनता आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं ५ करङ्गेकोट | १-८ | 2 | 0 | 0 | | 0 | 0 | 0 | 3 | 3 | 5 | 3 | 0 | 0 | 8 |
| 20 | श्री स्वर्गद्वारी प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं १ पुल्चोक | १-५ | 2 | 0 | 0 | | 0 | 0 | 0 | 1 | 0 | 3 | 0 | 0 | 0 | 3 |
| 21 | श्री माध्यमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ९ रुपाकोट | १-१० | 4 | 0 | 0 | | 0 | 0 | 0 | 1 | 3 | 5 | 3 | 0 | 0 | 8 |
| 22 | श्री जनता प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ३ खुरुरिया | १-४ | 2 | 0 | 0 | | 0 | 0 | 0 | 1 | 0 | 3 | 0 | 0 | 0 | 3 |
| 23 | श्री भद्राक्षीदेवी प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ९ धापखोला | १-५ | 2 | 0 | 0 | | 0 | 0 | 0 | 2 | 0 | 4 | 0 | 0 | 0 | 4 |
| 24 | श्री सगरमाथा प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ५ भुल्के | १-५ | 2 | 0 | 0 | | 0 | 0 | 0 | 1 | 0 | 3 | 0 | 0 | 0 | 3 |

| क्र. स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | स्वीकृत दरबन्दी, राहत शिक्षक तथा प्राविधिक धार प्रशिक्षक | | | | | शिक्षण सिकाइ अनुदान | | गाउँपालिका अनुदान | | शिक्षक संख्या प्रविधिक धार बाहेक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक तह कक्षा ११-१२ | कृषि प्राविधिक धार जम्मा | आधारभूत तह | माध्यमिक तह | प्राथमिक तह | आधारभूत तह | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | जम्मा कक्षा १-१२ साधारणधार तर्फ |
| 25 | श्री नुतन बाल उद्यान प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं ५ सिंगे | १-४ | 1 | 0 | 0 | | 0 | 0 | 0 | 2 | 0 | 3 | 0 | 0 | 0 | 3 |
| 26 | श्री बाल प्रगती प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं ९ तल्लो घोसखोला | १-४ | 1 | 0 | 0 | | 0 | 0 | 0 | 1 | 0 | 2 | 0 | 0 | 0 | 2 |
| 27 | श्री बराह प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं १ बगासोती | १-४ | 1 | 0 | 0 | | 0 | 0 | 0 | 1 | 0 | 2 | 0 | 0 | 0 | 2 |
| 28 | श्री सपांदी प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं २ स्यानीघोष | १-३ | 0 | 0 | 0 | | 0 | 0 | 0 | 1 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| 29 | रजाया मुस्तफा मदरसा | रामी गाउँपालिका वडा नं १ भालुवाड | | | | | | | | | | | | | | | |
| 30 | मदरसा अहले सुन्नत चिस्तिया | रामी गाउँपालिका वडा नं ६ भगवानपुर | | | | | | | | | | | | | | | |
| 31 | मदरसा जियाउल उलम प्रा वि | रामी गाउँपालिका वडा नं ९ देवीकोट | | | | | | | | | | | | | | | |
| | | | | 109 | 20 | 16 | 9 | 8 | 4 | 6 | 25 | 40 | 134 | 64 | 22 | 9 | 229 |

## अनुसूची २
## शिक्षा नियमावली अनुसार हुने शिक्षकहरु

| क्र. स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | शिक्षा नियमावली २०५९ अनुसार रहनुपर्ने शिक्षक संख्या | | | | | विद्यमान शिक्षक पुग/अपुग संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | जम्मा शिक्षक संख्या | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | फरक पुग/अपुग जम्मा |
| 1 | श्री आदर्श माध्यमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं २ बराखुट्टी | १-१२ | 5 | 4 | 4 | 4 | 17 | 6 | 2 | 1 | 0 | 9 |
| 2 | श्री माध्यमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ४ मौरीघाट | १-१२ | 5 | 4 | 4 | 2 | 15 | 5 | 2 | 1 | 0 | 8 |
| 3 | श्री सर्वोदय माध्यमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ५ सिसहनिया | १-१२ | 5 | 4 | 4 | 3 | 16 | 3 | 1 | 2 | 0 | 6 |
| 4 | श्री शंकर माध्यमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ८ पिपरी | १-१२ | 5 | 4 | 4 | | 13 | 4 | 0 | -2 | 0 | 2 |
| 5 | श्री ज्ञानोदय माध्यमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ६ पत्थरगढवा | १-१० | 5 | 4 | 4 | | 13 | 5 | 0 | -2 | 0 | 3 |
| 6 | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं १ भालुवाङ | १-१२ | 5 | 4 | 4 | | 13 | 1 | 1 | -2 | 0 | 0 |
| 7 | श्री नवप्रतिभा आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं १ पाखापानी | १-८ | 4 | 4 | | | 8 | 2 | 0 | 0 | 0 | 2 |
| 8 | श्री जनज्योति आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं ४ नयाँगाउँ | १-८ | 4 | 4 | | | 8 | 1 | 0 | 0 | 0 | 1 |
| 9 | श्री वि पी आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं ३ बसन्तापुर | १-८ | 4 | 4 | | | 8 | 0 | 1 | 0 | 0 | 1 |
| 10 | श्री सरस्वति आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं ७ छोटकी सि | १-८ | 4 | 4 | | | 8 | 1 | 0 | 0 | 0 | 1 |
| 11 | श्री राप्ती गंगा प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं १ चैते | १-५ | 4 | | | | 4 | 0 | 0 | 0 | 0 | 0 |
| 12 | श्री बालकल्याण आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं ५ पहडवा | १-८ | 4 | 4 | | | 8 | 0 | 0 | 0 | 0 | 0 |

| क्र. स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | शिक्षा नियमावली २०५९ अनुसार रहनुपर्ने शिक्षक संख्या | | | | | विद्यमान शिक्षक पुग/अपुग संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | जम्मा शिक्षक संख्या | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | फरक पुग/अपुग जम्मा |
| 13 | श्री दुर्गाभवानी आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं ३ मसुरिया | १-८ | 4 | 4 | | | 8 | 0 | -1 | 0 | 0 | -1 |
| 14 | श्री नवज्योती आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं ३ सिरीचौर | १-८ | 4 | 4 | | | 8 | 0 | 0 | 0 | 0 | 0 |
| 15 | श्री देवी प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ९ मसेरिडाँडा | १-५ | 5 | | | | 5 | -1 | 0 | 0 | 0 | -1 |
| 16 | श्री प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ५ थकरीकोट | १-५ | 5 | | | | 5 | -2 | 0 | 0 | 0 | -2 |
| 17 | श्री रात्री प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ४ मौरीघाट | १-५ | 4 | | | | 4 | -1 | 0 | 0 | 0 | -1 |
| 18 | श्री हंशेश्वर प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ६ भगवानपुर | १-५ | 4 | | | | 4 | -1 | 0 | 0 | 0 | -1 |
| 19 | श्री जनता आधारभुत विद्यालय | राप्ती गाउँपालिका वडा नं ५ करङ्गेकोट | १-८ | 4 | 4 | | | 8 | 1 | -1 | 0 | 0 | 0 |
| 20 | श्री स्वर्गद्वारी प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं १ पुल्चोक | १-५ | 4 | | | | 4 | -1 | 0 | 0 | 0 | -1 |
| 21 | श्री माध्यमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ९ रुपाकोट | १-१० | 5 | 4 | 4 | | 13 | 0 | -1 | -4 | 0 | -5 |
| 22 | श्री जनता प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ३ खुरुरिया | १-४ | 3 | | | | 3 | 0 | 0 | 0 | 0 | 0 |
| 23 | श्री भद्राक्षीदेवी प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ९ धापखोला | १-५ | 4 | | | | 4 | 0 | 0 | 0 | 0 | 0 |
| 24 | श्री सगरमाथा प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ५ भुल्के | १-५ | 4 | | | | 4 | -1 | 0 | 0 | 0 | -1 |
| 25 | श्री नुतन बाल उद्यान प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ५ सिंगे | १-४ | 3 | | | | 3 | 0 | 0 | 0 | 0 | 0 |
| 26 | श्री बाल प्रगती प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ९ तल्लो घोसखोला | १-४ | 4 | | | | 4 | -2 | 0 | 0 | 0 | -2 |
| 27 | श्री बराह प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं १ बगासोती | १-४ | 3 | | | | 3 | -1 | 0 | 0 | 0 | -1 |
| 28 | श्री सपांदी प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं २ स्यानीघोष | १-३ | 2 | | | | 2 | -1 | 0 | 0 | 0 | -1 |
| 29 | रजाया मुस्तफा मदरसा | राप्ती गाउँपालिका वडा नं १ भालुवाङ | | 1 | | | | 1 | -1 | 0 | 0 | 0 | -1 |

| क्र. स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | शिक्षा नियमावली २०५९ अनुसार रहनुपर्ने शिक्षक संख्या | | | | | विद्यमान शिक्षक पुग/अपुग संख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | जम्मा शिक्षक संख्या | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | फरक पुग/अपुग जम्मा |
| 30 | मदरसा अहले सुन्नत चिस्तिया | राप्ती गाउँपालिका वडा नं ६ भगवानपुर | | | | | | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 31 | मदरसा जियाउल उलम प्रा वि | राप्ती गाउँपालिका वडा नं ९ देवीकोट | | 2 | | | | 2 | -2 | 0 | 0 | 0 | -2 |
| | | | | 119 | 60 | 28 | 9 | 216 | 15 | 4 | -6 | 0 | 13 |

## अनुसूची ३

## विधार्थी सङख्याका आधारमा शिक्षक संख्या

| क्र.स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | विद्यार्थी संख्या २०७८ का आधारमा शिक्षक संख्या: प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | जम्मा शिक्षक संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | श्री आदर्श माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं २ बराखुट्टी | १-१२ | 306 | 380 | 499 | 443 | 6.12 | 7.6 | 9.98 | 8.86 | 6 | 8 | 10 | 9 | 33 |
| 2 | श्री माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं ४ मौरीघाट | १-१२ | 195 | 231 | 291 | 210 | 3.9 | 4.62 | 5.82 | 4.2 | 4 | 5 | 6 | 4 | 19 |
| 3 | श्री सर्वोदय माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं ५ सिसहनिया | १-१२ | 174 | 219 | 382 | 444 | 3.48 | 4.38 | 7.64 | 8.88 | 3 | 4 | 8 | 9 | 24 |
| 4 | श्री शंकर माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं ८ पिपरी | १-१२ | 182 | 193 | 119 | 88 | 3.64 | 3.86 | 2.38 | 1.76 | 4 | 4 | 2 | 2 | 12 |
| 5 | श्री ज्ञानोदय माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं ६ पत्थरगढवा | १-१० | 236 | 272 | 251 | 0 | 4.72 | 5.44 | 5.02 | 0 | 5 | 5 | 5 | 0 | 15 |
| 6 | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं १ भालुवाङ | १-१२ | 192 | 208 | 175 | 131 | 3.84 | 4.16 | 3.5 | 2.62 | 4 | 4 | 4 | 3 | 15 |
| 7 | श्री नवप्रतिभा आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं १ पाखापानी | १-८ | 175 | 106 | 0 | 0 | 3.5 | 2.12 | 0 | 0 | 4 | 2 | 0 | 0 | 6 |
| 8 | श्री जनज्योति आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ४ नयाँगाउँ | १-८ | 167 | 88 | 0 | 0 | 3.34 | 1.76 | 0 | 0 | 3 | 2 | 0 | 0 | 5 |
| 9 | श्री वि पी आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ३ बसन्तापुर | १-८ | 140 | 72 | 0 | 0 | 2.8 | 1.44 | 0 | 0 | 3 | 1 | 0 | 0 | 4 |
| 10 | श्री सरस्वति आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ७ छोटकी सि | १-८ | 101 | 88 | 0 | 0 | 2.02 | 1.76 | 0 | 0 | 2 | 2 | 0 | 0 | 4 |
| 11 | श्री रामी गंगा प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं १ चैते | १-५ | 72 | 0 | 0 | 0 | 1.44 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |

| क्र.स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | विद्यार्थी संख्या २०७८ का आधारमा शिक्षक संख्या | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | जम्मा शिक्षक संख्या |
| 12 | श्री बालकल्याण आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ५ पहडवा | १-८ | 87 | 114 | 0 | 0 | 1.74 | 2.28 | 0 | 0 | 2 | 2 | 0 | 0 | 4 |
| 13 | श्री दुर्गाभवानी आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ३ मसुरिया | १-८ | 169 | 58 | 0 | 0 | 3.38 | 1.16 | 0 | 0 | 3 | 1 | 0 | 0 | 4 |
| 14 | श्री नवज्योती आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ३ सिरीचौर | १-८ | 69 | 62 | 0 | 0 | 1.38 | 1.24 | 0 | 0 | 1 | 1 | 0 | 0 | 2 |
| 15 | श्री देवी प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं ९ मसेरिडाँडा | १-५ | 121 | 0 | 0 | 0 | 2.42 | 0 | 0 | 0 | 2 | 0 | 0 | 0 | 2 |
| 16 | श्री प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं ५ थकरीकोट | १-५ | 64 | 0 | 0 | 0 | 1.28 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| 17 | श्री रात्री प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं ४ मौरीघाट | १-५ | 48 | 0 | 0 | 0 | 0.96 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| 18 | श्री हंशेश्वर प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं ६ भगवानपुर | १-५ | 52 | 0 | 0 | 0 | 1.04 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| 19 | श्री जनता आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ५ करङ्गोकोट | १-८ | 166 | 89 | 0 | 0 | 3.32 | 1.78 | 0 | 0 | 3 | 2 | 0 | 0 | 5 |
| 20 | श्री स्वर्गद्वारी प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं १ पुल्चोक | १-५ | 66 | 4 | 0 | 0 | 1.32 | 0.08 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| 21 | श्री माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं ९ रुपाकोट | १-१० | 124 | 93 | 26 | 0 | 2.48 | 1.86 | 0.52 | 0 | 2 | 2 | 1 | 0 | 5 |
| 22 | श्री जनता प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं ३ खुरुरिया | १-४ | 39 | 0 | 0 | 0 | 0.78 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| 23 | श्री भद्राक्षीदेवी प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं ९ धापखोला | १-५ | 73 | 0 | 0 | 0 | 1.46 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| 24 | श्री सगरमाथा प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं ५ भुल्के | १-५ | 37 | 0 | 0 | 0 | 0.74 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |

| क्र. स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | विद्यार्थी संख्या २०७८ का आधारमा शिक्षक संख्या | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | जम्मा शिक्षक संख्या |
| 25 | श्री नुतन बाल उद्यान प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ५ सिंगे | १-४ | 53 | 0 | 0 | 0 | 1.06 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| 26 | श्री बाल प्रगती प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ९ तल्लो घोसखोला | १-४ | 37 | 0 | 0 | 0 | 0.74 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| 27 | श्री बराह प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं १ बगासोती | १-४ | 26 | 0 | 0 | 0 | 0.52 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| 28 | श्री सपांदी प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं २ स्यानीघोष | १-३ | 7 | 0 | 0 | 0 | 0.14 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 29 | रजाया मुस्तफा मदरसा | राप्ती गाउँपालिका वडा नं १ भालुवाङ | | 50 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| 30 | मदरसा अहले सुन्नत चिस्तिया | राप्ती गाउँपालिका वडा नं ६ भगवानपुर | | 10 | 0 | 0 | 0 | 0.2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 31 | मदरसा जियाउल उलम प्रा वि | राप्ती गाउँपालिका वडा नं ९ देवीकोट | | 54 | 0 | 0 | 0 | 1.08 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| | | | | 3292 | 2277 | 1743 | 1316 | 65.84 | 45.54 | 34.86 | 26.32 | 64 | 45 | 36 | 27 | 172 |

## अनुसूची ४

| क्र.स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | विद्यालयमा न्यूनतम शिक्षक संख्या र विद्यार्थीका आधारमा थप हुने शिक्षक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिक तह कक्षा १-५ | आधारभुत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक कक्षा ११-१२ | जम्मा शिक्षक संख्या | शिक्षक संख्या फरक |
| 1 | श्री आदर्श माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं २ बराखुट्टी | १-१२ | 6 | 8 | 10 | 4 | 28 | -2 |
| 2 | श्री माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं ४ मौरीघाट | १-१२ | 4 | 5 | 6 | 4 | 19 | 4 |
| 3 | श्री सर्वोदय माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं ५ सिसहनिया | १-१२ | 4 | 4 | 8 | 4 | 20 | 2 |
| 4 | श्री शंकर माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं ८ पिपरी | १-१२ | 4 | 4 | 4 | 4 | 16 | -1 |
| 5 | श्री ज्ञानोदय माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं ६ पत्थरगढवा | १-१० | 5 | 5 | 4 | | 14 | 2 |
| 6 | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं १ भालुवाङ | १-१२ | 4 | 4 | 4 | 4 | 16 | -3 |
| 7 | श्री नवप्रतिभा आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं १ पाखापानी | १-८ | 4 | 4 | | | 8 | 2 |
| 8 | श्री जनज्योति आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ४ नयाँगाउँ | १-८ | 4 | 4 | | | 8 | 1 |
| 9 | श्री वि पी आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ३ बसन्तापुर | १-८ | 4 | 4 | | | 8 | 1 |
| 10 | श्री सरस्वति आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ७ छोटकी सि | १-८ | 4 | 4 | | | 8 | 1 |
| 11 | श्री रामी गंगा प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं १ चैते | १-५ | 4 | | | | 4 | 0 |
| 12 | श्री बालकल्याण आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ५ पहडवा | १-८ | 4 | 4 | | | 8 | 0 |
| 13 | श्री दुर्गाभवानी आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ३ मसुरिया | १-८ | 4 | 4 | | | 8 | -1 |
| 14 | श्री नवज्योती आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ३ सिरीचौर | १-८ | 4 | 4 | | | 8 | 0 |
| 15 | श्री देवी प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं ९ मसेरिडाँडा | १-५ | 4 | | | | 4 | 0 |
| 16 | श्री प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं ५ थकरीकोट | १-५ | 4 | | | | 4 | -1 |
| 17 | श्री रात्री प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं ४ मौरीघाट | १-५ | 4 | | | | 4 | -1 |
| 18 | श्री हंशेश्वर प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं ६ भगवानपुर | १-५ | 4 | | | | 4 | -1 |
| 19 | श्री जनता आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ५ करड्गेकोट | १-८ | 4 | 4 | | | 8 | 0 |
| 20 | श्री स्वर्गद्वारी प्राथमिक विद्यालय | रामी गाउँपालिका वडा नं १ पुल्चोक | १-५ | 4 | | | | 4 | -1 |
| 21 | श्री माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं ९ रुपाकोट | १-१० | 4 | 4 | 4 | | 12 | -4 |

# अनुसूची ५
## विद्यालयमा थप गर्ने शिक्षक संख्या

| क्र. सं. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | प्राथमिक तह: शिक्षक संख्या हुनुपर्ने | प्राथमिक तह: थप गर्नुपर्ने विद्यार्थी संख्याको आधारमा | प्राथमिक तह: विद्यालयमा भएको दरबन्दी संख्या | प्राथमिक तह: थप गर्नुपर्ने संख्या | आधारभूत तह: अंग्रेजी | आधारभूत तह: नेपाली | आधारभूत तह: विज्ञान वा गणित | आधारभूत तह: सामाजिक | आधारभूत तह: जम्मा | आधारभूत तह: थप | आधारभूत तह: विद्यालयमा भएको शिक्षक संख्या | आधारभूत तह: थप गर्नुपर्ने संख्या | माध्यमिक तह: अंग्रेजी | माध्यमिक तह: नेपाली | माध्यमिक तह: विज्ञान वा गणित | माध्यमिक तह: सामाजिक | माध्यमिक तह: ऐच्छिक | माध्यमिक तह: जम्मा | माध्यमिक तह: थप | माध्यमिक तह: शिक्षक संख्या | माध्यमिक तह: थप गर्नुपर्ने शिक्षक संख्या | जम्मा शिक्षक संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | श्री आदर्श माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं २ बराखुट्टी | १-१२ | 5 | 3 | 11 | -3 | 1 | 1 | 1 | 1 | 4 | 7 | 6 | 5 | 1 | 1 | 1 | 1 | 1 | 5 | 10 | 5 | 10 | 40 |
| 2 | श्री माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं ४ मौरीघाट | १-१२ | 5 | | 10 | -5 | 1 | 1 | 1 | 1 | 4 | 4 | 6 | 2 | 1 | 1 | 1 | 1 | 1 | 5 | 5 | 5 | 5 | 28 |
| 3 | श्री सर्वोदय माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं ५ सिसहनिया | १-१२ | 5 | | 8 | -3 | 1 | 1 | 1 | 1 | 4 | 1 | 5 | 0 | 1 | 1 | 1 | 1 | 1 | 5 | 5 | 6 | 4 | 23 |
| 4 | श्री शंकर माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं ८ पिपरी | १-१२ | 5 | | 9 | -4 | 1 | 1 | 1 | 1 | 4 | | 4 | 0 | 1 | 1 | 1 | 1 | 1 | 5 | | 2 | 3 | 18 |
| 5 | श्री ज्ञानोदय माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं ६ पत्थरगढवा | १-१० | 5 | | 10 | -5 | 1 | 1 | 1 | 1 | 4 | 3 | 4 | 3 | 1 | 1 | 1 | 1 | 1 | 5 | 3 | 2 | 6 | 25 |
| 6 | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | रामी गाउँपालिका वडा नं १ भालुवाङ | १-१२ | 5 | | 6 | -1 | 1 | 1 | 1 | 1 | 4 | 1 | 5 | 0 | 1 | 1 | 1 | 1 | 1 | 5 | | 2 | 3 | 16 |
| 7 | श्री नवप्रतिभा आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं १ पाखापानी | १-८ | 5 | | 6 | -1 | 1 | 1 | 1 | 1 | 4 | | 4 | 0 | | | | | | 0 | | 0 | 0 | 10 |
| 8 | श्री जनज्योति आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ४ नयाँगाउँ | १-८ | 5 | | 5 | 0 | 1 | 1 | 1 | 1 | 4 | | 4 | 0 | | | | | | 0 | | 0 | 0 | 9 |
| 9 | श्री वि पी आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ३ बसन्तापुर | १-८ | 5 | | 4 | 1 | 1 | 1 | 1 | 1 | 4 | | 5 | -1 | | | | | | 0 | | 0 | 0 | 8 |
| 10 | श्री सरस्वति आधारभुत विद्यालय | रामी गाउँपालिका वडा नं ७ छोटकी सि | १-८ | 5 | | 5 | 0 | 1 | 1 | 1 | 1 | 4 | | 4 | 0 | | | | | | 0 | | 0 | 0 | 9 |

| क्र.स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | प्राथमिक तह | | | | आधारभूत तह | | | | | | | | माध्यमिक तह | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | शिक्षक संख्या हुनुपर्ने | थप गर्नुपर्ने विद्यार्थी संख्याको आधारमा | विद्यालयमा भएको दरबन्दी संख्या | थप गर्नुपर्ने संख्या | अंग्रेजी | नेपाली | विज्ञान गणित | सामाजिक | जम्मा | थप | विद्यालयमा भएको शिक्षक संख्या | थप गर्नुपर्ने संख्या | अंग्रेजी | नेपाली | विज्ञान गणित | सामाजिक | ऐच्छिक | जम्मा | थप | शिक्षक संख्या | थप गर्नुपर्ने शिक्षक संख्या | जम्मा शिक्षक संख्या |
| 11 | श्री राम्री गंगा प्राथमिक विद्यालय | राम्री गाउँपालिका वडा नं १ चैते | १-५ | 4 | | 4 | 0 | | | | | 0 | | 0 | 0 | | | | | | 0 | | 0 | 0 | 4 |
| 12 | श्री बालकल्याण आधारभुत विद्यालय | राम्री गाउँपालिका वडा नं ५ पहडवा | १-८ | 5 | | 4 | 1 | 1 | 1 | 1 | 1 | 4 | | 4 | 0 | | | | | | 0 | | 0 | 0 | 8 |
| 13 | श्री दुर्गाभवानी आधारभुत विद्यालय | राम्री गाउँपालिका वडा नं ३ मसुरिया | १-८ | 5 | | 4 | 1 | 1 | 1 | 1 | 1 | 4 | | 3 | 1 | | | | | | 0 | | 0 | 0 | 8 |
| 14 | श्री नवज्योती आधारभुत विद्यालय | राम्री गाउँपालिका वडा नं ३ सिरीचौर | १-८ | 4 | | 4 | 0 | 1 | 1 | 1 | 1 | 4 | | 4 | 0 | | | | | | 0 | | 0 | 0 | 8 |
| 15 | श्री देवी प्राथमिक विद्यालय | राम्री गाउँपालिका वडा नं ९ मसेरिडाँडा | १-५ | 5 | | 4 | 1 | | | | | 0 | | 0 | 0 | | | | | | 0 | | 0 | 0 | 4 |
| 16 | श्री प्राथमिक विद्यालय | राम्री गाउँपालिका वडा नं ५ थकरीकोट | १-५ | 4 | | 3 | 1 | | | | | 0 | | 0 | 0 | | | | | | 0 | | 0 | 0 | 3 |
| 17 | श्री रात्री प्राथमिक विद्यालय | राम्री गाउँपालिका वडा नं ४ मौरीघाट | १-५ | 3 | | 3 | 0 | | | | | 0 | | 0 | 0 | | | | | | 0 | | 0 | 0 | 3 |
| 18 | श्री हंशेश्वर प्राथमिक विद्यालय | राम्री गाउँपालिका वडा नं ६ भगवानपुर | १-५ | 4 | | 3 | 1 | | | | | 0 | | 0 | 0 | | | | | | 0 | | 0 | 0 | 3 |
| 19 | श्री जनता आधारभुत विद्यालय | राम्री गाउँपालिका वडा नं ५ करड्गेकोट | १-८ | 5 | | 5 | 0 | 1 | 1 | 1 | 1 | 4 | | 3 | 1 | | | | | | 0 | | 0 | 0 | 9 |
| 20 | श्री स्वर्गद्वारी प्राथमिक विद्यालय | राम्री गाउँपालिका वडा नं १ पुल्चोक | १-५ | 4 | | 3 | 1 | | | | | 0 | | 0 | 0 | | | | | | 0 | | 0 | 0 | 3 |
| 21 | श्री माध्यमिक विद्यालय | राम्री गाउँपालिका वडा नं ९ रुपाकोट | १-१० | 5 | | 5 | 0 | 1 | 1 | 1 | 1 | 4 | | 3 | 1 | 1 | 1 | 1 | 1 | 1 | 5 | | 0 | 5 | 14 |
| 22 | श्री जनता प्राथमिक विद्यालय | राम्री गाउँपालिका वडा नं ३ खुरुरिया | १-४ | 3 | | 3 | 0 | | | | | 0 | | 0 | 0 | | | | | | 0 | | 0 | 0 | 3 |

| क्र.स. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | प्राथमिक तह | | | | आधारभूत तह | | | | | | | | माध्यमिक तह | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | शिक्षक संख्या हुनुपर्ने | थप गर्नुपर्ने विद्यार्थी संख्याको आधारमा | विद्यालयमा भएको दरबन्दी संख्या | थप गर्नुपर्ने संख्या | अंग्रेजी | नेपाली | विज्ञान वा गणित | सामाजिक | जम्मा | थप | विद्यालयमा भएको शिक्षक संख्या | थप गर्नुपर्ने संख्या | अंग्रेजी | नेपाली | विज्ञान वा गणित | सामाजिक | ऐच्छिक | जम्मा | थप | शिक्षक संख्या | थप गर्नुपर्ने शिक्षक संख्या | जम्मा शिक्षक संख्या |
| 23 | श्री भद्राक्षीदेवी प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ९ धापखोला | १-५ | 4 | | 4 | 0 | | | | | 0 | | 0 | 0 | | | | | | 0 | | 0 | 0 | 4 |
| 24 | श्री सगरमाथा प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ५ भुल्के | १-५ | 3 | | 3 | 0 | | | | | 0 | | 0 | 0 | | | | | | 0 | | 0 | 0 | 3 |
| 25 | श्री नुतन बाल उद्यान प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ५ सिंगे | १-४ | 3 | | 3 | 0 | | | | | 0 | | 0 | 0 | | | | | | 0 | | 0 | 0 | 3 |
| 26 | श्री बाल प्रगती प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं ९ तल्लो घोसखोला | १-४ | 3 | | 2 | 1 | | | | | 0 | | 0 | 0 | | | | | | 0 | | 0 | 0 | 2 |
| 27 | श्री बराह प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं १ बगासोती | १-४ | 3 | | 2 | 1 | | | | | 0 | | 0 | 0 | | | | | | 0 | | 0 | 0 | 2 |
| 28 | श्री सपांदी प्राथमिक विद्यालय | राप्ती गाउँपालिका वडा नं २ स्यानीघोष | १-३ | 2 | | 1 | 1 | | | | | 0 | | 0 | 0 | | | | | | 0 | | 0 | 0 | 1 |
| 29 | रजाया मुस्तफा मदरसा | राप्ती गाउँपालिका वडा नं १ भालुवाङ | | 1 | | | | | | | | 0 | | | | | | | | | 0 | | 0 | 0 | 1 |
| 30 | मदरसा अहले सुन्नत चिस्तिया | राप्ती गाउँपालिका वडा नं ६ भगवानपुर | | | | | | | | | | 0 | | | | | | | | | 0 | | 0 | 0 | 0 |
| 31 | मदरसा जियाउल उलम प्रा वि | राप्ती गाउँपालिका वडा नं ९ देवीकोट | | 2 | | | | | | | | 0 | | | | | | | | | 0 | | 0 | 0 | 2 |
| | | | | 122 | 3 | 134 | -12 | 15 | 15 | 15 | 15 | 60 | 16 | 64 | 12 | 7 | 7 | 7 | 7 | 7 | 35 | 23 | 22 | 36 | 274 |

# अनुसूची ६
## खर्च सम्बन्धी विवरण

| क्र स | प्रकार र तह | संख्या | आधार तलब | तलब वृद्धि पछि हुन आउने तलब | वार्षिक विनियोजन | पोशाकभत्ता रु. १०००० | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तहका शिक्षक | 36 | 30000 | 30500 | 14274000 | 360000 | 14634000 |
| २ | आधारभुत तहका शिक्षक | 53 | 22000 | 25000 | 17225000 | 530000 | 17755000 |
| ३ | प्राथमिक तहका शिक्षक | 27 | 20500 | 23000 | 8073000 | 270000 | 8343000 |
| ४ | बालविकास सहयोगी कार्यकर्ता | 39 | 7000 | 8500 | 4309500 | 0 | 4309500 |
| ५ | वैकल्पिक विद्यालयका सहजकर्ता | 4 | 7000 | 11000 | 572000 | 40000 | 612000 |
| ६ | विद्यालय कर्मचारी | 7 | 7000 | 8000 | 728000 | 0 | 728000 |
| ७ | विद्यालय कर्मचारी गापा | ७ | 18000 | 18000 | 1638000 | 70000 | 1708000 |
| ८ | विद्यालय सहयोगी गापा | ७ | 18000 | 18000 | 1638000 | 70000 | 1708000 |
| ९ | विद्यालय सहयोगी प्राथमिक तह | 14 | 7000 | 8000 | 1456000 | 0 | 1456000 |
| १० | विद्यालय सहयोगी आधारभुत तह | 8 | 7000 | 8000 | 832000 | 0 | 832000 |
| ११ | विद्यालय सहयोगी माध्यमिक तह | 7 | 7000 | 8000 | 728000 | 0 | 728000 |
| | **जम्मा** | **209** | | | **51473500** | **1340000** | **52813500** |

प्रमाणीकरण मिति : ...........

प्रमाणीकरण गर्ने अधिकारीको नाम : .........

पद : ..............

हस्ताक्षर : ..................